मिति २०८३/०५/२६ गतेको कार्यपालिका वैठकका निर्णयहरु

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १

सैनामैना नगरपालिकाको आ.व. २०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली (LGPAS) मा ८८ अंक प्रस्ताव गरी पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति रुपन्देहीमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २

सैनामैना नगरपालिकाको विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि (पहिलो संशोधन),२०८३ लाइ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

सैनामैना नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्याविधि, (पहिलो संशोधन सहित) २०७४ बमोजिम श्री वश्याल एण्ड सन्स निर्माण सेवा सैनामैना ३ रुपन्देहीलाई "घ" वर्गको निर्माण व्यवसायी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४

सूचिकृतका लागि आएका नगरस्तरीय र वडास्तरीय ११४ जना (महिला ४२ र पुरुष ७२) मेलमिलाप सहजकर्तालाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४२३ मिति २०८३/०२/१८ को असुल उपर गर्नु पर्ने बेरुजु सम्वन्धि पत्रको जानकारी गरियो । उक्त पत्र बमोजिम हाल सम्मको वेरुजु फछ्यौंटको कार्य अवस्थाको समिक्षा गरि थप कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

तपसिलका संघ संस्थाहरुलाई सामाजिक सहायता शीर्षकबाट तपसिल अनुसारको सामाजिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१. सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ लुम्विनी प्रदेश रु. ३००००।–

२. मदन भण्डारी स्पोर्टस क्लव एकेडेमी रु. ५००००।–

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०८३/०५/२६ गतेको कार्यपालिका वैठकका निर्णयहरु

निर्णय नं. ७

आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतको ५०/५० लागत सहभागितामा पूर्वाधार निर्माण तर्फ विनियोजित वजेट कार्यान्वयनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

सैनामैना नगर कार्यपालिका सदस्य डोल वहादुर सार्कीको निधनमा शोक प्रस्ताव पारित गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख